फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ्ग, तेह्रथुम

## औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्धी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/०६

*ठेक्का नं. PMRM/06/079/80*

यस फेदाप गाउँपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आर्थिक वर्ष २०७९।०८० का लागि आवश्यक आधारभुत तथा आकस्मिक सेवाको लागि औषधी र स्वास्थ्य सुरक्षा सामाग्रीहरु सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा आपुर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u> :

१. सिलवन्दी दरभाउ पत्र पेश गर्ने व्यवसायीहरु तथा आपूर्तिकर्ताहरुले चालु आर्थिक वर्षको लागि नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र तथा मु.अ.करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी, औषधी व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न राखी सिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि फेदाप गाउँपालिकाको कार्यालय पोक्लावाङ्ग तेह्रथुमको मोबाइल नं ९८५२०८०६०० इमेल : fedap.ruralmun@gmail.com साथै वेबसाइट www.phedapmun.gov.np मा हेर्न सकिनेछ ।

३. सिलवन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरुले दरभाउपत्र पेश गर्दा कार्यालयमा नै उपस्थित भई पेश गर्नुपर्नेछ ।

४. दरभाउ पत्र फाराम खरिद दस्तुरको बैंक दाखिला सम्बन्धी जानकारी ।

- बैंकको नाम र ठेगाना - नविल बैंक लिमिटेड, शाखा कार्यालय फेदाप, तेह्रथुम ।
- कार्यालयको नाम - फेदाप गाउँपालिका, पोक्लावाङ्ग तेह्रथुम ।
- खाताको नाम - आन्तरिक राजस्व खाता नं.- २३२०१०१७५०००३९ वा कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको भौचर ।

५. सिलवन्दी दरभाउपत्र खरिद गर्ने अवधि सूचना प्रकाशन भएको मितिले १५ दिनको हुनेछ ।

६. सिलवन्दी दरभाउपत्र मिति २०८०।०३।२० गते दिनको ठिक १२ बजे सम्ममा दर्ता गराइ सक्नुपर्नेछ ।

७. दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र मिति २०८०।०३।२० गते दिनको २ बजे दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधी र कार्यालयको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

८. दरभाउपत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

९. दरभाउपत्रदाताले जमानत वापतको रकम नगदै जम्मा गर्नुपर्ने भएमा फेदाप गाउँपालिकाको कार्यालय पोक्लावाङ्ग तेह्रथुमको नविल बैंक लिमिटेड शाखा कार्यालय फेदापको धरौटी खाता नं.-२३२०१०१७५०००२५ मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधी भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

१०. पेश भएका दरभाउपत्र आंशिक आइटमवाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. खरिद गरिने औषधीको प्रयोग गर्ने अवधि यस कार्यालयको जिन्सी शाखामा दाखिला हुँदा कम्तीमा १८ महिना बाँकी रहेको हुनुपर्नेछ र १८ महिना मात्र म्याद हुने औषधीको हकमा कम्तिमा ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ ।

१२. दरभाउपत्रदाताले आफुले दिन चाहेको औषधीको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

१३. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधी WHO-GMP Certified हुनुपर्नेछ ।

१४. दरभाउपत्रमा उल्लेखित सामग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ । थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।

१५. दरभाउपत्रदाताले सप्लाई गर्ने प्रत्येक औषधीहरु औषधी व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ । औषधी प्याकिङ (स्ट्रीप, बोतल) बाहिर औषधीको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, म्याद समाप्त हुने मिति, ब्याच नम्बर, उत्पादक कम्पनीको नाम र "नेपाल सरकारबाट निशुल्क वितरणका लागी" वा "यो औषधी बिक्रिका लागि होइन" भनी प्याकिङमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ । सो नलेखिएका औषधीहरू आपुर्ती गर्न पाईने छैन ।

१६. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याकिङ भएको हुनुपर्नेछ ।

१७. दरभाउपत्र पेश गर्दा औषधी तथा सर्जिकल सामानहरुको मूल्य सूची अनिवार्य पेश गर्नुपर्नेछ । साथै उक्त मूल्य सूची र बिलको परिमाणमा पेश भएको भ्याट बाहेकको रकमको आधारमा मुल्याङ्कन गरिनेछ ।

१८. दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानून अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

१९. यो सूचनामा उल्लेख गर्न छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ ।

## दरभाउपत्र सम्बन्धी विवरण

| क.सं. | ठेक्का नं | कामको विवरण | मू.अ.कर बाहेक अनुमानित मूल्य | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १. | *PMRM 06/079/80* | औषधी तथा सर्जिकल सामाग्री खरिद | १७,६९,२६१.८३ | ५३,०००/- | १,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत